# लोकमञ्च

दैनिक

☐ वर्ष १७ ☐ अंक ९५ ☐ २०७९ कार्तिक १७ बिहीबार दशमी ☐ 2022 Nov. 03 Thursday ☐ पृष्ठ ४ ☐ ५ रुपैया



सवारी साधनमा अनावश्यक भीडभाड नगरौं।
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## समाज बदल्न बालबालिकासँगै अभिभावक पनि जुटे

**●लोकमञ्च संवाददाता**
**कार्तिक १६, सुर्खेत ।**

समाज परिवर्तन हुने क्रममा छ। पछिल्लो समय दैलेखको गुराँस गाउँपालिका- ५ समाजिक परिवर्तनको उदाहरण हो।

गाउँमा व्याप्त सामाजिक कुरिती अन्त्यका लागि स्थानीय किशोरी सक्रिय बनेका छन्।

बालबिवाह, छाउपडी कुप्रथा, अन्धविश्वास र बालश्रम अन्त्यका लागि किशोरीले आफ्ना अविभावक र बालबालिकालाई पढाउन थालेका हुन् । बिदाको दिनमा किशोरीले बालबालिका र अभिभावकलाई विद्यालयमा जम्मा गरेर पढाउने गरेका छन्।

सामाजिक सेवा केन्द्र ( सोसेक) नेपाल र सेभद चिल्ड्रेनको साझेदारीमा सञ्चालित सहयात्रा दोस्रो परियोजनाअन्तर्गत 'रोजाइ आवाज र प्रतिबद्धता' कार्यक्रममार्फत किशोरीले गाउँका अभिभावक र बालबालिकालाई जम्मा गरेर सचेतना जगाएका हुन् । कक्षामा सहभागी भएपछि स्थानीय अभिभावकले उमेर नपुग्दै आफ्ना सन्तानको विवाह नगर्ने बताएका छन्।

किशोर किशोरीले पनि विवाह गर्ने परिपक्व उमेर नहुँदासम्म विवाह नगर्ने प्रतिबद्धता जनाएको सोसेक नेपालका स्थानीय सहजकर्ता मञ्जु विकले बताइन्। 'हामीले पाँच महिनासम्म गाउँका सबै टोलका अभिभावक र बालबालिका सहभागी गराएर सचेतना कक्षा चलायौं',सहजकर्ता विकले भनिन्,'कक्षामा बालविवाह गर्दा हुने शारीरिक तथा मानसिक असरबारे जानकारी गरायौं, कक्षामा सहभागी भएपछि गाउँलेले बालविवाह रोक्ने वाचा गरेका छन् ।'

हिजोआज स्थानीयले महिनावारीसमेत बार्न छाडेका अर्का सहजकर्ता भावना भण्डारीको भनाई छ। 'गाउँमा महिनावारी हुँदा बार्ने चलन थियो', उनले भनिन्, 'महिला र किशोरीले महिनावारी हुँदा घरभित्र पस्नै पाउन्नथे तर हामीले सबै अभिभावकलाई यसबारे कक्षामार्फत सचेत गरायौं सचेतना कक्षाले समाजमा सकारात्मक परिवर्तन देखापर्‍यो।'

अहिले केहि समयका लागि रोकिएको र सचेतना कक्षाले गाउँमा धेरै परिवर्तन आएको र यसलाई आफूहरुले निरन्तरता दिने किशोरी बताउँछन्।

स्थानीय किशोरी कमला भण्डारीले यस्ता कक्षा गाउँमा अझै आवश्यक रहेको भन्दै यसलाई निरन्तरता दिन संस्थासँग आग्रह गरिन्।

कक्षामा बालबालिकालाई पोषिलो खाना खुवाउनुपर्ने, नियमित विद्यालय पठाउनुपर्ने, काममा लगाउन नहुने, घरमा पनि बालमैत्री व्यवहार गर्नुपर्ने र सामाजिक विकृति अन्त्य गर्नुपर्ने विषयमा सचेतीकरण गरिएको थियो ।

कक्षामा सहभागी भएपछि गुराँस गाउँपालिका-५ स्याँलभैरीकी अभिभावक खगिसरा नेपालीले आफूहरुको सोच परिवर्तन भएको बताइन्।

स्यालभैरीका अभिभावक महेन्द्र योगीले गाउँका बालबालिका शिक्षित हुँदा आफूहरुमा समेत परिवर्तन आएको बताए।

उनले भने, 'बालबालिका र हामीले सँगै कक्षा लियौं, यसले एकापसमा कुरा सुन्न र सिक्न पनि सजिलो भयो । बालविवाहले परिवार नै विखण्डन हुने समस्या देखिएको थियो तर, अब बालविवाह हुन नदिन हामी सचेत भएका छौं।'

योगीले सचेतना कक्षाले गाउँमा धेरै परिवर्तन ल्याएको भन्दै यस्ता कक्षा आगामी दिनमा पनि सञ्चालन गर्नसके सभ्य समाज निर्माण गर्न सकिने योगीले बताए।

'सेभ द चिल्ड्रेन'को सहयोग र गुराँस गाउँपालिकाको समन्वयमा सोसेक नेपालले सञ्चालन गरेको सहयात्रा परियोजना दुईले गाउँपालिकाभर नै बालबालिकाको अधिकारका क्षेत्रमा काम गर्दै आएको छ।

संस्थाका बालसंरक्षण संयोजक निर्मल अधिकारीले 'रोजाइ आवाज र प्रतिबद्धता' कार्यक्रममार्फत बालअधिकार संरक्षण र सामाजिक रुपान्तरणमा सहयोग पुगेको बताए।

'हामीले परियोजनामार्फत बालअधिकार सुनिश्चितताका लागि उल्लेख्य काम *(बाँकी ३ पेजमा)*




सर्वसाधारणका लागि जनचेतनामुलक सन्देश

कोरोना भाइरस (कोभिड-१९) मुख्य लक्षणहरु

ज्वारो (१००.४°F भन्दा माथि) | श्वासप्रश्वासमा अत्याधिक समस्या | रुघा र खोकी

"कोरोना भाइरस(कोभिड-१९) संक्रमण कायमै रहेकोले सारधानी अपनाऔं । साथै, दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउँको दुखेमा,श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने । "

कोरोना भाइरस (कोभिड-१९) बाट कसरी बचाउने ?

नियमित रुपमा साबुन पानीले हात धुने

खोक्दा र हाछयुं गर्दा नाक र मुख छोप्ने

यदि फरलु जस्तो लक्षण (Flu–loke Symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने

फरलु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने, भिडभएको स्थानमा नजाने

जंगली तथा घरेलु पशुपंक्षीहरको असुरक्षित सम्पर्कबाट टाढा रहने

पशुजन्य मासु/अन्डा राम्रोसँग पकाएर मात्र खाने

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यलय, सुर्खेत


## प्रचार-प्रसारको दोस्रो चरण : उम्मेदवारले आजबाट चुनावी जुलुस, आमसभा गर्न पाउने

**●लोकमञ्च संवाददाता**
**कार्तिक १६, सुर्खेत ।**

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि चुनावी प्रचार-प्रसारको दोस्रो चरण आजबाट शुरु हुने भएको छ। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले (आज)कात्तिक १७ गतेदेखि दल र उम्मेदवारले जुलुस, आमसभा र कोणसभा गर्न पाउने बताए।

सो चरणमा निर्वाचनको निष्ठालाई जोगाएर आचारसंहिताको पालना गर्न दल र उम्मेदवारलाई उनले आग्रह गरे। बुधबार निर्वाचन आयोगले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रमुख आयुक्त थपलियाले आचारसंहिता उल्लङ्घनका विषयमा परेका उजुरीका *(बाँकी ३ पेजमा)*


पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**नदिजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको सिलबन्दी दरभाउ-पत्र आव्हान सम्बन्धी सूचना!**

**(दोस्रो पटक प्रकाशित मिति : २०७९/०७/१७ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, नदीजन्यपदार्थ व्यवस्थापन कार्यविधि-२०७५, यस सम्बन्धी प्रचलित ऐन नियम र नगरसभाको निर्णय बमोजिम यस पञ्चपुरीनगरपालिकाले तोकिएको नदि र खोलाहरुको स्वीकृत स्थानहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी पञ्चपुरी नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.न. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिणाम (घनमिटर) | | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू. अ. करबाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | PMO/ SQ/GOODS/ 2079-80/01 | सियालीघाट खोला, चौर खोला र बरैचे खोला ढुङ्गा, गिट्टी र बालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | सियालीघाट खोला | ३६६६.६७ | १०९७२५८.२५ | कबोल अङ्कको ५% | १००० |
| | | | चौर खोला | ३०२५ | | | |
| | | | बरैचे खोला | ३६६६.६७ | | | |
| | | | **जम्मा** | **१०३५८.३३** | | | |
| २ | PMO/ SQ/GOODS/ 2079-80/02 | भ्यागुते/आँपसैनी/चौर खोला, मैनिघाट/ दुलालथाई खोला र माझीगाउँ कस्सेनी खोला ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | भ्यागुते/आँपैनी/चौर खोला | ४२०० | १२८९६९७.७५ | कबोल अङ्कको ५% | १००० |
| | | | मैनिघाट/दुलालथाई खोला | ३८५० | | | |
| | | | माझीगाउँ कस्सेनी खोला | ४१२५ | | | |
| | | | **जम्मा परिणाम** | **१२१७५.००** | | | |
| ३ | PMO/ SQ/GOODS/ 2079-80/03 | कोसेनी खोला ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, संकलन तथा विक्री वितरण | कोसेनी खोला | ८२५० | ८७३९२२.५ | कबोल अङ्कको ५% | १००० |
| | | | **जम्मा परिणाम** | **८२५०.००** | | | |
| ४ | PMO/ SQ/GOODS/ 2079-80/04 | बड्डी खहरे खोला ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | बड्डी खहरे खोला | १६५००. | १७४७८४५. | कबोल अङ्कको ५% | १००० |
| | | | **जम्मा परिणाम** | **१६५००.००** | | | |
| ५ | PMO/ SQ/GOODS/ 2079-80/05 | तातापानी खोला उत्खनन ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा विक्री | तातापानी खोला | ८२५०. | ८७३९२२.५ | कबोल अङ्कको ५% | १००० |
| | | | **जम्मा परिणाम** | **८२५०.००** | | | |
| ६ | PMO/ SQ/GOODS/ 2079-80/06 | विशाले खोला उत्खनन ढुङ्गा, गिट्टी र वालुवा उत्खनन,, सङ्कलन तथा विक्री वितरण | विशाले खोला | ३५००. | ३७०७५५.०० | कबोल अङ्कको ५% | १००० |
| | | | **जम्मा परिणाम** | **३५००.००** | | | |
| प्रति वर्गफिट रु ३ | | | | | | | |

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्रफाराम दस्तुर वापत RastriyaBanijya Bank, सुर्खेतमा रहेको यस कार्यालयको संचित **कोष खाता नं** ४४२०१००३०१०१०००५, **खातावालाको नाम** : Panchapuri Municipality RAJASWA A/Cमा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन मिति:२०७९/०७/२३ गते दिनको कार्यालय समयसम्म **सिलबन्दी दरभाउ-पत्र** फारम पञ्चपुरी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । सिलबन्दी **दरभाउ-पत्र पेश** गर्न चाहने **दरभाउ-पत्र** दाताले पञ्चपुरी नगरपालिकाको कार्यालयमा मात्र **सिलबन्दी दरभाउ-पत्रपेश** गर्न सक्ने व्यवस्था गरिएको छ।

२. **सिलबन्दी दरभाउ-पत्र** फारम भर्दा कवोल रकम,अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुनआउने धरौटी रकम यस कार्यालयको **धरौटी हि.नं.४४२०१००३०३००००५, धरौटी हि.नं. Panchapuri Municipality DHARAUTI A/C** मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, वमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जार गरिएको विड वण्ड सिलबन्दी दरभाउ-पत्र साथ पेश गर्नु पर्नेछ।

३. खरिद गरेको **दरभाउ-पत्र** फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी **दरभाउ-पत्र** दाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १७ औं दिन २०७९/०७/१४दिनको १२.०० बजे भित्र रुरु नगरपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको **सिलबन्दी दरभाउ-पत्र** अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको-२०७९/०७/२४ दिनको २:०० वजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि **सिलबन्दी दरभाउ-पत्र** खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनको ११ बजे खोलिनेछ।

६. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि सोही निर्धारित स्थलवाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्ने।

७. ठेक्का सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हँदा सोही पुस्तिकाबाट अवगतगर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

८. म्याद नाघी, रीत नपुगी र/वाशर्तसहित पेश हुनआएकावोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्यहुनेछैन। वोलपत्र स्वीकृत गर्ने वानगर्ने वा खरिद प्रक्रिया रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९.तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकमजफत गरी नियमानुसार ठेक्कावन्दोवस्तगरिनेछ।

१०. यस नगरपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था,यस सम्बन्धी प्रचलित ऐन नियम,नदि जन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन।

११. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन्।

**प्रमुख प्रशासकिय अधिकृत**